नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मोरङ, विराटनगर

# कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर राखी जिल्ला प्रशासन कार्यालय, मोरङ्गका प्रमुख जिल्ला अधिकारी कोशहरि निरौलाबाट जारी निषेधाज्ञा आदेश

मोरङ्ग जिल्लामा कोरोना भाइरस (COVID-19) को संक्रमणको दोश्रो लहरको नयाँ कोभिड भेरिएन्ट दैनिक रुपमा बढी रहेको छ । विराटनगर महानगरपालिका लगायत जिल्लाका सबै पालिकाहरुमा यसको सघन विस्तार भएको तथा कोभिडका कारण नागरिकको दैनिक मृत्यु समेत भैरहेको छ । हाल कोभिडको संख्या तथा विस्तारको क्रम केही मत्थर भएता पनि पूर्णरुपमा नियन्त्रण भैनसकेको र सङ्क्रमण पुनः फैलन सक्ने सम्भावना कायम रहेको छ । कोभिड संक्रमणको रोकथाम र नियन्त्रण गरी नागरिकको जीवन रक्षाका लागि थप उपायहरु अवलम्वन गर्नु वाञ्छनीय भएको हुँदा कोभिड -१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा (४) र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) बमोजिम मोरङ जिल्लाभर मिति २०७८।३।१५ गते बिहान ००:०१ बजेदेखि २०७८/०३/२१ गते राती १२:०० बजेसम्म लागू हुने गरी देहायका आदेशहरु जारी गरेको छु ।

तपसिल

## (क) निषेधाज्ञामा गर्न पाउने कार्यहरु

- भौतिक दूरी कायम गरी, मास्क, सेनिटाइजर र व्यक्तिगत स्वास्थ्य सुरक्षा सामाग्री प्रयोग गरी तथा तोकिएको मापदण्ड प्रयोग गरी खाद्यवस्तु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल, खानेपानी, माछामासु, विद्यालयका पुस्तक बिक्री वितरण गर्ने पुस्तक पसल, कपडा पसल, सुन चाँदी पसल, सार्वजनिक निर्माणमा प्रयोग हुने छड, सिमेन्ट, डण्डी, विद्युतीय सामाग्री विक्री गर्ने पसल लगायत सबै प्रकारका पसल, व्यवसायहरु विहान ५:०० बजेदेखि दिउसो १६:०० (४ बजे ) बजेसम्म संचालन गर्ने ।
- अत्यावश्यक खाद्यवस्तु, पशु आहार, दाना ओसारपसार तथा विक्री वितरण गर्न पाइने ।
- औषधी पसल, अक्सिजन तथा स्वास्थ्य सामाग्री पसल तथा पेट्रोल पम्पहरु नियमितरुपमा सञ्चालन गर्ने ।
- दुध तथा दुधजन्य पदार्थ बिक्री गर्ने डेरी पसल बिहान ५ बजेदेखि बेलुका ७ बजेसम्म सञ्चालन गर्न पाइने ।
- डाक्टर, नर्स, स्वास्थ्यकर्मीहरु, दूरसञ्चार क्षेत्रमा काम गर्ने कर्मचारीहरु, सरसफाईकर्मीहरु, अत्यावश्यक सेवामा खटिएका कर्मचारीहरु, तोकिएका बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरु, कृषि कार्यमा खटिने जेटि, जेटिए र प्राविधिकहरु परिचयपत्र प्रयोग गरी आवतजावत गर्न सक्नेछन् । सरकारी कर्मचारीहरुले कार्यालय आउन र कार्यालय समय पश्चात् फर्कन आ-आफ्नो परिचयपत्रको प्रयोग गरी आवतजावत गर्न सक्नेछन् ।
- अत्यावश्यक सेवामा प्रयोग हुने विद्युत, सञ्चार, खानेपानी, बैंक तथा वित्तीय संस्था, फोहोरमैला व्यवस्थापन, खाद्यान्न, तरकारी, फलफूल, पशु-आहार तथा दाना, दुध, ईन्धन सेवा, औषधी, एम्बुलेन्स सेवा तथा विमारी बोकेको गाडी, शव वाहनहरु निर्वाध सञ्चालन गर्न पाउने ।
- अत्यावश्यक खाद्यवस्तु, पशु आहार, कृषि मल, माछा तथा कृषि र पशुपालनसँग सम्बन्धित सबै सामानको ओसारपसार, ढुवानी नियमित रुपमा गर्न पाउने ।
- सबै किसिमका कृषिजन्य उत्पादन, मासुजन्य पशुपंछी ( राँगा, खसिबोका, हाँस, कुखुरा ) आदिको ओसारपसार गर्न दिइने ।
- वर्कसपहरु बिहानदेखि सञ्चालन गर्न सकिने ।
- कूटनीतिक नियोगका सवारी साधन, पत्रपत्रिका वितरण गर्न प्रयोग हुने सवारी साधन, डाँक, हुलाक तथा कुरियर सेवाका सवारी साधनहरु सञ्चालन गर्न दिने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मोरङ, विराटनगर

बिरामीहरुलाई डाक्टरको प्रेस्क्रिप्सनको आधारमा स्वास्थ्य संस्थामा उपचारका लागि जान, आउन बाधा नपर्ने ।

- वस्तु तथा सेवाको अनलाइन अर्डर गरी होम डेलिभरी सेवाका कार्य गर्न पाउने ।
- सरकारी कार्यालयहरुले कार्यालयमा भिडभाड नहुने गरी आलोपालो मिलाई सेवा प्रवाह हुने गरी आफ्ना कामहरु सञ्चालन गर्ने ।
- भाडाका टेम्पु, ट्याक्सी, ३ पाङ्ग्रे सिटी सफारी र इ रिक्साहरु जोर गते जोर नम्बरका र बिजोर गते बिजोर नम्बरका मात्र सञ्चालन गर्न पाउने । त्यसै गरी निजी मोटरसाइकल तथा अन्य ४ पाङ्ग्रे सवारी साधनहरु पनि जोर बिजोर प्रणालीका आधारमा (डाक्टर, नर्स, स्वास्थ्यकर्मीहरु, दूरसञ्चार क्षेत्रमा काम गर्ने कर्मचारीहरु, सरसफाईकर्मीहरु, अत्यावश्यक सेवामा खटिएका कर्मचारीहरु, तोकिएका बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरु, कृषि कार्यमा खटिने जेटि, जेटिए र प्राविधिकहरु सरकारी कर्मचारीहरुलाई जोर बिजोर नलाग्ने ) सञ्चालन हुने ।

## (ख) निषेधाज्ञामा गर्न नपाउने कार्यहरु

- गुद्रीं बजार, हाट बजार, सब्जीमण्डी, होटेल, रेष्टुरा, पार्टी प्यालेस संचालन नगर्ने ।
- सैलुन, ब्युटीपार्लर, जिमखाना, स्वीमिङ पुल, सिनेमा हल, व्यायामशाला, फुटसल, रंगशाला, कभर्ट हल हाललाई सञ्चालन नगर्ने ।
- सार्वजनिक यातायातका भाडाका जीप, भ्यान बस लगायतका लामो तथा छोटो दूरीका सवारी साधनहरु संचालन नगर्ने ।
- स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, अत्यावश्यक सेवामा खटेका कर्मचारी, कामदार र अनुमति प्राप्त गरेका व्यक्तिहरु बाहेक कुनै पनि व्यक्तिहरु घर वाहिर ननिस्किने । अत्यावश्यक बाहेक १० वर्ष भन्दा तलका तथा ६० वर्ष भन्दा माथिको उमेरका व्यक्तिहरुलाई कुनै पनि काममा घरबाहिर आवतजावत गर्न नदिने ।
- दैनिक रुपमा गरिने नित्य, पूजा, प्रार्थना वाहेकका धार्मिक तथा सांस्कृतिक कार्यहरु, मेला, चाड/पर्व, जात्रा, हाट/बजार, महोत्सव, भेला तथा अन्य सामूहिक गतिविधिहरु नगर्ने, नगराउने ।
- कुनै पनि स्थानमा जम्मा भई कुनै पनि प्रकारका भेला, जुलुस, सम्मेलन, छलफल, गोष्ठी, सेमिनार जस्ता भिडभाड हुने कार्य नगर्ने, नगराउने ।
- जिल्ला भरिका सबै स्थानमा बेलुका ८:०० बजेदेखि विहान ५:०० बजे सम्म हिडडुल गर्न नपाईने ।
- सबै विद्यालय, क्याम्पस, ट्युसन सेन्टर, कोचिङ्ग सेन्टर, विश्वविद्यालयहरु संचालन नगर्ने ।
- होटेल, मोटेल, रेष्टुरेन्टहरुमा भेटघाट तथा जम्मा हुने गरी सञ्चालन गर्न तथा सेवा प्रदान गर्न नपाउने ।
- अन्तर्राष्ट्रिय सीमा नाकाबाट विदेशी नागरिकको प्रवेश निषेध गर्ने ।
- यो आदेश जारी रहुन्जेलसम्म समूह जमघट भै गरिने विवाह तथा ब्रतबन्ध जस्ता सामाजिक कार्यहरु पनि नगर्ने नगराउने ।

## (ग) अन्य व्यवस्थाहरु

- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट सञ्चालित हुने सार्वजनिक निर्माणका कार्यहरु बाहेक अन्य निमार्णका कामहरु हाललाई बन्द गर्ने । सार्वजनिक निर्माणमा प्रयोग हुने ट्रक डोजर लोडर ट्रयाक्टर ढुंगा, गिट्टी, बालुवा बोक्ने ट्रिपरहरु निर्वाध संचालन गर्न दिने ।
- मजदुर/कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्णरुपमा पालना गर्न लगाइ उद्योग / व्यवसाय सञ्चालन गर्ने ।

प्रमुख जिल्ला अधिकारी

बैंक तथा वित्तीय संस्था/बिमाले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम सेवा प्रदान गर्ने । यसको सम्पूर्ण व्यवस्थापन नेपाल राष्ट्र बैंक, विराटनगरले मिलाउने । भीडभाडलाई कम गर्न सकेसम्म On-Call Service, ATM तथा Online Banking सेवा प्रवाह व्यवस्थित गर्ने । बैंक बाहेक अन्य बित्तीय संस्था, सहकारी, मनी ट्रान्सफरहरु पनि कम भीडभाड हुने गरी सञ्चालन गर्ने । बैंक तथा बित्तीय संस्थाका ATM काउन्टरहरु २४ सै घण्टा खुला रहने ।

- कानून व्यवसायीहरुले नेपाल बार एशोसिएसनबाट जारी परिचयपत्र (अदालतमा हुने बहस, मुद्दा तथा पैरवीका लागि मात्र) र पत्रकार/संचारकर्मीहरु तथा सञ्चार गृहमा काम गर्ने कामदार कर्मचारीले आ-आफ्नो संचारगृहबाट जारी भएको परिचयपत्रको आधारमा आवतजावत गर्न बाधा नपर्ने ।
- ICP बाट हुने निकासी, पैठारी र नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ बमोजिम छिमेकी मित्रराष्ट्र भारतबाट नेपाल आउने नेपाली नागरिकलाई रानी नाकाबाट मात्र प्रवेश गर्न दिने । ICP बाट आएका मालबाहक ट्रकलाई उद्योग परिसर बाहेक बाटोमा अन्यत्र नरोक्ने । यस्ता मालबाहक सवारी साधनहरुलाई उद्योगमा अनिवार्य रुपमा निसंक्रमण गर्ने ।

## (घ) कानूनी कारवाही हुने

- अत्यावश्यक उपभोग्य बस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यबृद्धि गर्ने, जम्माखोरी गर्ने, वा लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर प्रचलित कानून बमोजिम कारवाही हुने ।
- आदेशको उल्लंघन गरेमा वा अवज्ञा गरी सवारी चलाउने, पसल संचालन गर्ने, भीडभाड गर्ने, हिड्डुल गर्ने तथा यस्तै अन्य कार्य गरेमा कोभिड -१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा १९ वा २१ वा २२ वा २४ वा अन्य प्रचलित कानून बमोजिम कारबाही तथा जरिवाना गरिनेछ ।

उल्लिखित आदेश पालना गरी कोभिड संक्रमण नियन्त्रण तथा रोकथाम गर्न सबै क्षेत्रबाट महत्वपूर्ण साथ र सहयोग हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

मितिः २०७८।३।१४ गते सोमबार ।

............................
(कोशहरि निरौला)
प्रमुख जिल्ला अधिकारी

**प्रमुख जिल्ला अधिकारी**